महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

भोजपुर नगरपालिका,
भोजपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. १६८

मितिः २०७८/५/४

श्री प्रमुख ज्यू,
भोजपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भोजपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

....
(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं नं १ र २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं. १६७

मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
भोजपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भोजपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले भोजपुर नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं । हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश भएन ।अन्तिम प्रतिवेदन पाना २४ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. १ करोड ३७ लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख ८६ हजार, प्रमाण पेश गर्नु पर्ने रु. ४७ लाख २ हजार र नियमित नभएको रु. ८१ लाख १६ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ।यस नगरपालिका अन्तर्गत १२ वडा, ६३ सभा सदस्य, ६८.४ वर्ग किलोमिटर क्षेत्रफल तथा १७७५६ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

आर्थिक कारोबारको स्थिति

		यस वर्ष रु.				गतवर्ष रु.		
विवरण	टिप्पणी	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७२,९२,४८,३२५.१८	७०,०९,९८,१२८.९०		७०,०९,९८,१२८.९०			
क. प्राप्ति (सञ्चितकोषमा आम्दानी बाँधिने)		५४,१२,३७,४००	५३,०७,२३,७१५.३७	०	५३,०७,२३,७१५.३७	०	०	०
११००० कर	११	४,१४,७१,०००	७,१४,१५,५३१	०	७,१४,१५,५३१	०	०	०
१३००० अनुदान		४४,१२,७७,४००	४४,१३,१५,०००	०	४४,१३,१५,०००	०	०	०
संघीय सरकार	१२	४०,२१,५०,४००	४०,२१,८८,०००	०	४०,२१,८८,०००	०	०	०
प्रदेश सरकार	१२	३,९१,२७,०००	३,९१,२७,०००	०	३,९१,२७,०००	०	०	०
१४००० अन्य राजस्व		५,८४,८९,०००	१,७९,९३,१८४.३७	०	१,७९,९३,१८४.३७	०	०	०
ख. अन्य प्राप्ति		१८,८०,१०,९२५.१८	१७,०२,७४,४१३.५३		१७,०२,७४,४१३.५३			
वितरण गर्न बाकी राजस्व		०	१७,०९,८२५	०	१७,०९,८२५	०	०	०
कोषहरु		१,७७,३६,९२५.१८	२,११,५३,०४४.१८	०	२,११,५३,०४४.१८	०	०	०
धरौटी		०	६७,८५,२६१	०	६७,८५,२६१	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१७,०२,७४,०००	१४,०६,२६,२८३.३५	०	१४,०६,२६,२८३.३५	०	०	०
भुक्तानी (ग+घ)		७५,८५,४९,६५९.१८	६६,०४,८३,६९८.६१		६६,०४,८३,६९८.६१			
ग. भुक्तानी (सञ्चित कोषबाट)		५७,०५,३८,७३४	५०,८६,०४,३३२.०२		५०,८६,०४,३३२.०२			
२१००० पारिश्रमिक / सुविधा	१८	२२,३८,३६,४००	२०,९०,९६,६६४.६५	०	२०,९०,९६,६६४.६५	०	०	०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	७,९२,०८,६६०	५,७२,२४,६१३.३५	०	५,७२,२४,६१३.३५	०	०	०
२५००० सहायता (Subsidy)	१८	३,२४,०३,०००	२,९४,६९,२८६.२५	०	२,९४,६९,२८६.२५	०	०	०
२६००० अनुदान	१८	४२,००,०००	४२,००,०००	०	४२,००,०००	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	७०,५५,०००	५०,४७,९२१	०	५०,४७,९२१	०	०	०
२८००० अन्य खर्च	१८	१९,००,०००	१५,९३,०२०	०	१५,९३,०२०	०	०	०

३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२२,१९,३५,६७४	२०,१९,७२,८२६.७७	०	२०,१९,७२,८२६.७७	०	०	०
घ. अन्य भूक्तानी		१८,८०,१०,९२५.१८	१५,१८,७९,३६६.५९		१५,१८,७९,३६६.५९			
कोषहरु		१,७७,३६,९२५.१८	५६,१०,९५८	०	५६,१०,९५८	०	०	०
धरौटी		०	६१,११,८५२.६२	०	६१,११,८५२.६२	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१७,०२,७४,०००	१४,०६,२६,२८३.३५	०	१४,०६,२६,२८३.३५	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			0		0			
ङ. यो वर्षको बचत (न्युन)		0	४०५१४४३०.२९		४०५१४४३०.२९			
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३,३९,१५,९६१.६२		३,३९,१५,९६१.६२			
वर्षान्तको बाकी रकम (ङ + च)			७,४४,३०,३९१.९१		७,४४,३०,३९१.९१			
बैंक तथा नगद बाकी	२४		७,४४,३०,३९१.९१		७,४४,३०,३९१.९१			०

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	लेखापरिक्षणको दौरानमा देहाय वमोजिम असुली भएको भौचर पेश भएको छ । सि न | व्यहोरा | रकम | सञ्चीत कोष १ | सामाजिक सुरक्षा | १०४००० | सङ्घीय सञ्चीत कोष	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आर्थिक कारोबार** – यस पालिकामा यस वर्ष रु. ७००९९८१२८ आय भएकोमा २०७७ असार मसान्त सम्म रु.६६०४८३६९८ खर्च भई रु.४०५१४४३० मौज्दात रहेको छ।गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु. ७४४३०३९१ रहेको देखियो।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन । • वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद पाडा सुगुर गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी,प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । • आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन । । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । • पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको	

वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो।

	• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उप प्रमुख श्री ममिता राई ले मिति २०७६।३।१० गते रु.५३७७२७३३४ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१३ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
५.	**चौमासिक निकासा खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			अषाढ महिनाको मात्र खर्च
	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
४३४८३३	७१८७३	१२१२७२	२४१६८८	१४४५०७
खर्च प्रतिशत १००	१६	२८	५६	३३

६.	**खरिद योजना —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले सो अनुरुप खरिद योजना तयार नगरी रु.४६८७७६५८ खर्च गरेको देखिएकोले ऐन तथा नियमावलीमा तोके बमोजिम गुरु योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्नेछ।	
७.	**खरिद सम्झौता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा पालिकाले देहाय अनुसार तेश्रो चौमासिकमा १८८ वटा कामको रु.४६८७७६५८ को खरिद सम्झौता गरेको पाइयो ।साथै असार महिना समेत ५ वटा सम्झौता रु.४२५४४३१ को गरेकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिका व्यवस्थापन विशेष सर्तक रहनु पर्दछ।	
८.	**आन्तरिक ऋण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगर पालिकाले वित्त आयोगको सिफारिसमा सम्न्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा	

पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन।

९. **पुँजीगत खर्च विधि —**कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

खुला बोलपत्र	सिलबन्दी दरभाउपत्र	सोझै	अमानत	उपभोक्ता समिति
२३७३६२६५	५३६०७०००	०	०	६६९३०४०२

कुल खर्च मध्ये ४७ प्रतिशत उपभोक्ता समितिवाट खर्च गरेकोले प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

१०. **योजना छनौट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकाली तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले ४९६ सानो प्रकृतिका रु. ५००००० भन्दा घटीका योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मुल्याङ्कन बेगर रु. ४०२३६७९० को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

११. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

१२. **नक्सा पास —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष नगरपालिकामा नक्सा पाससम्बन्धी देहाय अनुसारको कामकारबाही भएको देखिन्छ। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व नगरपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

क स	घर नक्सा पासको निवेदन संख्या	अस्थायी अनुमति	कार्यसम्पन्न संख्या		
			गत विगत वर्ष अनुमित लिएको मध्ये	यो वर्ष अनुमित लिएका मध्ये	जम्मा
१	**१५**	४	७	७	१४

१३. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा

	लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५९ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित १२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।	
१४.	**स्थानीय तथ्याङ्क र अभिलेख —** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। नगरले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।	
१५.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ कार्यविधि लगायत १५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।	
१६.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष थप भएको ४ भएकोमा २ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
१७.	**महोत्सव तथा अन्य खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.२८३००० खर्च गरिएको छ ।	
१८.	**नाफामूलक संस्थालाई अनुदान** - ४६८।०७७।३।१९ समानिकरण पुंजीगत , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। तर पालिकाले यस वर्ष सामाजिक विकास संस्था भोजपुरलाई रु.४९९६८६अनुदान उपलब्ध गराएको रकम अनियमित देखिएको रु.	४९९६८६
१९.	**सेवा प्रवाह —** गाउपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ	

क स	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	११७२	११७२
२	घरबाटो सिफारिस	४९६	४९६
३	नाता प्रमाणित	४७२	४७२
४	जन्म, मृत्यु दर्ता	१३६४	१३६४
५	अन्य	**६९१६**	**६९१६**

	कर दस्तु एवं आन्तरिक आय	

२०.	**भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायको भुक्तानी गर्दा अग्रिम आयकर वापतको रु.१२५०८ कट्टा नगरी भुक्तानी गरेकोले असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. भौ नं मिति | भुक्तानी पाउने | भुक्तानी रकम | नपुग /कर रकम १५८।०७६।८।१५ | रेफ्री फि | ५४००० | ८१०० १८।०७६।६।१० | अनुपमा भेटनरी | २९३८८० | ४४०८ | जम्मा | | १२५०८	१२५०८
२१.	**रितपूर्बकको कर बिजक** - १५४।०७६।१०।२३ समानीकरण पुँजीगत ,मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर रोज फर्निचर उद्योगलाइ रु.२०२५० मु.अ.कर भुक्तानी गरेकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	२०२५०
२२.	**व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९०५७७५ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
२३.	**विज्ञापन कर —** प्रदेश नं १ को आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्रे वा विघुतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरी उल्लेख छ।तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् ।	
२४.	**राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ।साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो।असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ ।आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।	
२५.	**वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले सोसम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन।आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ।	
	समानीकरण चालु	
२६.	**स्वास्थ्य शिविर-** १४४।०७६।८।२७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च	

गर्दा खर्चको बिलभरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ।स्वास्थ्य संयोजक राजकुमार श्रेष्ठलाई हाडजोर्नि शिविर संचालन खर्च भनी रु.५०००० भुक्तानी भएकोमा खर्चसंग सम्वन्धित विल भर्पाइ लेखापरीक्षणको समयसम्म पेश नभएकोले असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

५००००

२७. **जिन्सी व्यवस्थापन** -आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ अनुसार कार्यालयमा जुनसुकै प्रकारवाट प्राप्त भएका सामानको जिन्सि खातामा आम्दानि गर्नु पर्ने व्यवस्था छ।कार्यालयले निम्न अनुसारका संस्थालाई विभिन्न सामान खरिद गर्न रु. ५४४००० अनुदान दिएको छ।तर उक्त संस्थाले आफ्नो जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश गर्नुपर्ने रु .

५४४०००

भौ.नं .	संस्था	सामान	रकम
६०८८/३/२०७७-	महिला लक्षित उपभोक्ता समिति	प्लाष्टिक कुर्सी ७३ टेवल ३	१०००००
५६७३२/२/२०७७- ६३४१५/३/२०७७-	पञ्चकन्या आ.वि.	ल्यापटप २	२०००००
६३२१५/३/२०७७-	जाल्पादेवी आ.वि.	ल्यापटप १	१०००००
६४४१५/३/२०७७-	जाल्पा मा.वि.	विभिन्न खेलौना सामाग्री	१०००००
७१२२८/३/२०७७-	पञ्चकन्या मा.वि.	विभिन्न खेलौना सामाग्री	४४०००
		जम्मा	५४४०००

२८. **वढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ।तर पालिकाले विभिन्न सामान ढुवानीको लागि लर्डवुद्ध सप्लायर्सलाई रु.२१४१३५ गर्नुपर्नेमा रु.२५७२५३ भुक्तानी गरेकोले बढी भुक्तानी रु. ४३११८ असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

४३११८

शसर्त शिक्षा तर्फ

२९. **शिक्षक दरवन्दि र पदपुर्ति** - नगरपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

विद्यालयको नाम	दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी सङ्ख्या
सिंह जलेश्वरी प्रावि	१	१	१	१४
चण्डी आवि	५	५	२	१३४
सिंहदेवी मावि	७	७	२	१९६
सिंह जलेश्वरी प्रावि	३	३	३	५४
सिंहवाहिनी प्रावि	४	४	२	६४
कालिका मावि	१२	११	४	३७२
जनज्योति प्रावि	४	४	०	६७
गुसेश्वर प्रावि	३	३	०	५९
पञ्चकन्या आवि	७	७	२	११४
कालिका प्रावि	३	३	१	३२
सिद्धेश्वर मावि	१७	१७	४	५४९

	पञ्चकन्या आवि	७	७	०	१०४		
	दुर्गेश्वरी प्रावि	४	४	०	३६		
	जाल्पादेवी प्रावि	४	४	०	७९		
	सिंह प्रावि	३	३	०	३७		
	जनज्योति प्रावि	३	३	२	३०		
	युवावर्ष मालिकादेवी प्रावि	३	३	०	२३		
	जनता प्रावि	३	३	०	२२		
	धापखर्क प्रावि	४	४	३	१०२		
	जगदिश्वरी प्रावि	५	५	१	८९		
	पञ्चकन्या मावि	१४	१४	४	२६३		
	पञ्चकन्या प्रावि	५	५	०	७७		
	विद्योदय मावि	१८	१८	४	७८५		
	जनसेवा आवि	११	११	३	३५८		
	सरस्वती आवि	९	९	१	८८		
	प्रजातन्त्र प्रावि	२	२	०	२९		
	जनकल्याण आवि	१०	१०	२	७६		
	भोजपुर बहिरा आआवि	१	१	०	१८		
	ज्ञानोदय प्रावि	२	२	०	१९		
	ज्योति प्रा. वि.	२	२	२	३१		
	आइतबारे प्रावि	१	१	१	१९		
	प्रजातन्त्र प्रावि	२	२	०	१९		
	बालकन्या प्रावि	३	३	१	३१		
	जाल्पा मावि	८	८	३	१४८		
	जनकल्याण मावि	६	६	४	२०७		
	लक्ष्मी मावि	८	८	४	११६		
	देवीथान मावि	१०	१०	२	१२२		
	सिंहदेवी प्रावि	२	२	१	२२		
	श्रीगणेश प्रावि	१	१	०	१९		
	पिखुवा प्रावि	३	३	०	४०		
	सिंहदेवी प्रावि	२	२	०	१६		
	पञ्चकन्या प्रावि	२	२	०	८		
	आदर्श शिशु प्रावि	७	७	१	८९		

सार्वजनिक आवि	१०	१०	१	१३८
यशोधरा मावि	२६	२६	१०	५०७
जम्मा	२६७	२६६	७१	५४२२

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा कुल शिक्षक दरबन्दी ४९३ र कुल विद्यार्थी संख्या ५४२२ रहेकोले प्रति शिक्षक औषतमा ११ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा नगरपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ।

३०. **नर्म्स विपरीत खर्च -** ३२६।२०७६।१२।३० (संघ सशर्त) मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत स्वास्थ्य संस्थाहरुको औषधि खरिद समग्री खरिदका लागि इकाइगत खर्च समेत निकासा हुन्छ । पालिकाले आमा सुरक्षा औषधी खरिदबापत स्वास्थ्य संस्थाहरुलाई इकाइगत निकासा रु.७६००० दोहोरो देखिएकोले असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ७६०००

३१. **बढी भुक्तानी - ३२।२०७६।६।३० सशर्त** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले वार्षिक समिक्षा बैठक खर्च रु. ५८१५० रहेकोमा रु. ६२१०० भुक्तानी गरेकोले वढी रु.३९५० असुल उपर संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ३९५०

३२. **नर्म्स विपरीत खर्च -** ३२।२०७६।६।३० (सशर्त) स्थानीय तहमा सञ्चालन हुने स्वास्थ्य तर्फका कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार अभिमुखीकरण, वार्षिक समीक्षा योजना तर्जुमा कार्यक्रम सञ्चालन गर्दा अनुसूचि १ बमोजिम खर्च मापदण्ड पालना गर्नु पर्ने उल्लेख छ। मसलन्द सामग्रीमा प्रति सहभागि रु.१०० भन्दा बढी खर्च गर्न नपाईने व्यवस्था रहेको छ।पालिकाले उक्त नर्म्स विपरीत १५ वटा झोला खरिद गरी रु. १५००० खर्च लेखेकोले कार्यक्रम संयोजक राजकुमार श्रेष्ठलाई जिम्मेवार बनाई संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. १५०००

३३. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेकोमा कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान तयार नगरी निम्नअनुसार रु. १६९८५५७ मूल्यका सामानहरु सोझै खरिद गरेकोले खरिद कार्य कानुन प्रतिकुल देखिएको रु. १६९८५५७

भौ. नं. र मिति	खरिदको विवरण	रकम
३४।२०७६।६।३० सशर्त	यज्ञराज मेडिसिन सप्लायर्स न्यानो झोला खरिद	२२४९९९
३५।२०७६।६।३० सशर्त	यज्ञराज मेडिसिन सप्लायर्सबाट सर्जिकल सामान खरिद	५९८९०
९२।२०७६।९।१५ सशर्त	यज्ञराज मेडिसिन सप्लायर्सबाट औषधी तथा सर्जिकल सामान खरिद	२४४६३९
२८३ सशर्त	यज्ञराज मेडिसिन सप्लायर्सबाट औषधी तथा सर्जिकल सामान खरिद	४७१२०४
९२।२०७६।९।१५ सशर्त	सिंजा आयुर्वेद औषधालयबाट आयुर्वेद औषधी खरिद	४२१८००

९२, ११६ सशर्त	जनता आयुर्वेद औषधालय तथा पशुपति आयुर्वेद औषधालयबाट आयुर्वेद औषधी खरिद	१६०२००
१५५।२०७६।११।३० सशर्त	भण्डारी सर्जिकलबाट स्वास्थ्य सामग्री खरिद	११५८२५
जम्मा		१६९८५५७

३४. **फरक शिर्षकबाट भुक्तानी -** ४३।२०७६।६।३०,आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२) क ले खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शिर्षकमा परेको हुनुपर्ने व्यवस्था गरेको छ।त्यसैगरी बजेट बाँडफाँडको अख्तियारीको निर्देशनमा समेत प्रचलित ऐन नियमको पालना गरी खर्च गर्न निर्देशन दिइएकोमा कार्यालयले आन्तरिक चालुतर्फको कार्यक्रम कुकुरलाई रेविज भ्याक्सिन दिएबापत पारिश्रमिक खर्च रु.१८७०० लेख्नु पर्नेमा सशर्त अन्तरगतको रानीखेत, पिपिआर, स्वाईन फ्लु लगायतको भ्याक्सिनेसन पारिश्रमिक खर्चवाट खर्च लेखेको अनियमित देखिएको रु. १८७००

३५. **सामुदायिक सिकाई केन्द्रलाई अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ अनुसार सामुदायिक सिकाई केन्द्रलाई अनुदान निकासा दिदा व्यवस्थापन समितिको सिफारिस तथा प्रमाणित हाजिरी र स्थानीय निकायको अनुगमन प्रतिवेदन अनुसार सामुदायिक परिचालिकाको तलब निकासा दिने, र थप रकम प्रस्तावको आधारमा दिने व्यवस्था छ।पालिकाले देहायका सामुदायिक सिकाई केन्द्रहरुलाई निम्नानुसार एकमुष्ठ रकम निकासा गरेकोमा खर्चको विल भर्पाई पेश नभएकोमा प्रस्ताव अनुसार खर्च भए नभएको भनी यकिन गर्न सकिएन।अतः प्रस्ताव तथा विल भर्पाइ प्रमाण पेश हुनुपर्ने रु. ५०००००

भौ. नं.मिति	**विवरण**	**रकम**
९६।२०७६।९।२८	दावली एकिकृत सिकाई केन्द्र	१०००००
९६।२०७६।९।२८	न्याशील सामुदायिक सिकाई केन्द्र	१०००००
९६।२०७६।९।२८	भोजपुर सामुदायिक सिकाई केन्द्र	१०००००
९६।२०७६।९।२८	सामना सामुदायिक सिकाई केन्द्र	१०००००
९६।२०७६।९।२८	कालिका सामुदायिक सिकाई केन्द्र	१०००००
जम्मा		५०००००

३६. **नन् फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १५८००४ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म नन्फाईलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. १५८००४

भौ. नं.मिति	विवरण	फर्मको नाम	भ्याट वाहेक भुक्तानी रकम	भ्याट रकम
२५।०७६।९।३ पुंजीगत समानीकरण	कात्तिके बाटो ट्र्याक निर्माण उ स मार्फत भुक्तानी	एरोमा कन्स्ट्रक्सन प्यान नं.३०२८१७८०७	१९४०००	२५२२०

३०।०७६।९।१२ पुँजीगत समानीकरण	कृषि सडक विस्तार	एरोमा कन्स्ट्रक्सन प्यान नं.३०२८१७८०७	४२९२०४	५५७९६.५
४४।०७६।९।२० पुँजीगत समानीकरण	काउले आम्ले सडक	एरोमा कन्स्ट्रक्सन प्यान नं.३०२८१७८०७	६०१३१	७८१७.०३
४७।०७६।९।२० पुँजीगत समानीकरण	चियान डाडा देखी पोखरी जोड्ने सडक	एरोमा कन्स्ट्रक्सन प्यान नं.३०२८१७८०७	२९६०१६	३८४८२.१
५१।०७६।९।२९ पुँजीगत समानीकरण	कोटडाडा देखि पाण्डेगाउ सडक	एरोमा कन्स्ट्रक्सन प्यान नं.३०२८१७८०७	२३६०६१	३०६८७.९
जम्मा				१५८००४

३७. **बिल भरपाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।तर पालिकाले देहायअनुसारको भुक्तानीमा बिल भरपाई नराखी भुक्तानी गरेकोले वास्तविक प्रमाणहरु पेश हुनुपर्ने रु. १९७९९१

भौ. नं.मिति	विवरण	रकम
१३१।०७६।८।२० समानीकरण चालु	रोज फर्निचर उद्योग एण्ड हार्डवयर	१६९५३
१४६।०७६।९।१ समानीकरण चालु	नर्वदा अटो नेपाल प्रा लि	१८१०३८
	जम्मा	**१९७९९१**

- **उपभोक्ता समिति मार्फत कार्य**

३८. **निर्माण व्यवसायीबाट काम गराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको विजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ ।यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिवाट हुनु पर्ने कामलाई देहायका निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन गरीनु पर्ने देखिएको रु. ५३९९५११

भौ.नं. र मिति	योजनाको नाम	विवरण	रकम
६६।०७६।१०१० समानिकरण पूँजीगत	पारपानी बेहेरे सडक	खिम्दुङ निर्माण सेवा मार्फत गराएको	३८८०००
१३३।०७६।११।१८ समानिकरण पूँजीगत	आहाले सुर्के सडक	खिम्दुङ निर्माण सेवा मार्फत गराएको	३८७९७२
१६३।०७६।१२।२ समानिकरण पूँजीगत	फलाटे सिमेधारा सडक	बालकल्या देवी कटक बहादुर निर्माण सेवा मार्फत गराएको	८७३०००
१८१।०७७।१।२९ समानिकरण पूँजीगत	दावा बजार लोकल सखुवा खोला सडक	मुकुल निर्माण सेवा मार्फत गराएको	१०१८५००
४७६।०७७।३।३० समानिकरण पूँजीगत	आम्तेक खेलमैदान निर्माण	भिमेश्वर निर्माण सेवा मार्फत गराएको	८७१५७९
१।२०७७।१।२९ प्रदेश पुँजीगत	घट्टेखोला मान्द्रेदेखि सेराखोला सडक	यू डी बिल्डर्स कम्पनी मार्फत गराएको	९७००००
१२।२०७७।३।२३ प्रदेश पुँजीगत	डाँडाबोखिम शिवालय मरुवावेशी हुँदै अरुण गा.पा. २ जोड्ने कृषि सडक	एन डी निर्माण सेवा मार्फत गराएको	८९०४६०
	जम्मा		५३९९५११

३९. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ।सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

भौ.नं. र मिति	योजनाको नाम	रकम
२६।०७६।९।८ पुँजीगत समानीकरण	धापखर्क खुरिला सडक विस्तार उ स	१४५५००
४७।०७६।९।२० पुँजीगत समानीकरण	च्यानडाडा देखि पोखरी जोड्ने सडक उ स	४८५०००
६४।०७६।१०।९ पुँजीगत समानीकरण	मगरगाउँ कैसले सडक उ स	३३९५००
१३१।०७६।११।१८ पुँजीगत समानीकरण	लोहोकिल चम्पिरा कृषि सडक	२०००००

१४७।०७६।११।२१ पुँजीगत समानीकरण	ढल्केवर धजे सडक	६७७९५२
जम्मा		१८४७९५२

४०. **कार्यसम्पादन भन्दा घटी बिजक पेश —** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा छ मा खर्चको लेखा राख्दा बिल भरपाई र खर्चको पुष्टि हुने प्रमाण संलग्न गरी राख्नुपर्ने व्यवस्था रहेको छ।तर देहायका योजनाहरुको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदनमा माटो कटिङको कार्य उल्लेख गरेको भन्दा घटीको बिजक पेश गरेकोले बिजक पेश हुनुपर्ने रु. ५३१६८६

भौ.नं. र मिति	योजनाको नाम	माटो कटिङ	बिजक पेश	नपुग बिजक
६९।०७६।१०।१४ समानिकरण पूँजीगत	नौलेटार देखि अदुवा खोला सडक	२२५५६७	१९४०००	३१५६७
१६३।०७६।१२।२ समानिकरण पूँजीगत	फलाटे सिमेधारा सडक	९७०४४७	८७३०००	९७४४७
१८१।०७७।१।२९ समानिकरण पूँजीगत	दावा बजार लोकिल हुदै पिसुवा खोला सडक	११७२२९२	१०१८५००	१५३७९२
२६८।०७७।२।८ समानिकरण पूँजीगत	टापु दिपेनी एयरपोर्ट सडक	३३५०००	२९१०००	४४०००
४३९।०७७।३।२५ समानिकरण पूँजीगत	बालचण्डा अखुवा खोला सडक	५७३९५२	४९९०५७	७४८९५
४७६।०७७।३।३० समानिकरण पूँजीगत	आम्तेक खेलमैदान निर्माण	१००२९८४	८७२९९९	१२९९८५
जम्मा				५३१६८६

४१. **बिजक बेगर भ्याट भुक्तानी -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्नेमा पालिकाले निम्नानुसारको योजनाको भुक्तानी दिदा विजक वेगर भुक्तानी गरेकोले उपभोक्ता समितिबाट रु.१८०५७ असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. १८०५७

भौचर नं र मिति	**उपभोक्ता समितिको नाम**	**विवरण**	**रकम**	**असुल गर्नु पर्ने**
२१।०७६।९।१ समानीकरण पुँजीगत	पिपलडाडा प्रहरी चौकी	सिमेन्ट रड खरिद	२००००	२६००
१७७।०७६।१।२९ समानीकरण पुँजीगत	चेचेखा कुलो मर्मत	सिमेन्ट रड खरिद	१८६००	२४१८

	१९६।०७७।१।२० समानीकरण पुँजीगत	वडा कार्यालय मर्मत	सिमेन्ट रड खरिद	१००३००	१३०३९
	जम्मा				१८०५७

४२.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । साथै औषधी व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।	
४२.१.	औषधी तथा औषधीजन्य सामग्री खरिद गर्नु पूर्व सम्बन्धित खर्च हुने इकाईहरु जस्तै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र आदिको मौज्दात परिमाण यकिन गरी आवश्यक मात्रामा माग फारम गर्न लगाउने र त्यसैको आधारमा बार्षिक खपत परिमाण निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्नेमा सो नगरेको ।	
४२.२.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
४२.३.	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
४२.४.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
४२.५.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
४२.६.	औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो।	
	तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सी अभिलेखमा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४३.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३५७ जनालाई रोजगारी उपलव्ध गराई रु. ४६२७०९६ खर्च गरेको छ। लक्षित वर्गलाई १८० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।	
४४.	**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	

४५. **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत
१.	सुन्तले भ्यू टावर निर्माणको लागि डि.पि. आर. तयारी	रिज आर्क एण्ड ईञ्जिनियर्स	४०००००	३९२६७५	४३१०७९४७
२.	सामुदायीक भवन डि.पि. आर. तयारी	एटिम ईन्जिनियरीङ्ग सर्भिस प्रा.लि.	४०००००	३९६५७३	४०२७६४३०
३.	भैसिपंखा रक गार्डेन तथा रक क्लाइमिङ्ग सेन्टर निमार्ण	स्पेक्ट्रम इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	५०००००	४७५१६५	३८२९५१७३
४.	भमराङ्ग दोभाने सडक,	हिमालय इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	५०००००	४३८०५१	३७५०५६४
५.	नकाम डाडावोखिम सोर्याङ्ग खोला जाने रोड				२००६४७१६
६.	डाडा वाखिम शिवालय मर्रुवावेशी देशी वडा नं.२ अरुण गा.पा.जोड्ने रोड				९३३४२९६
		जम्मा	१८०००००	१७०२४६४	१५४८२९१२७

डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४६. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

सामाजिक सुरक्षा कार्यक्रमतर्फ

४७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले रु. ७४०७२६६६ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

४७.१.	**वितरण व्यवस्था -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम असोज ८, दोश्रो जेठ १९ र तेश्रो असार ३१ गते निकाशा गरेको देखियो। कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ।	
४७.२.	**पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन ।	
४७.३.	**निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।	
४७.४.	**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन। कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।	
४७.५.	**बैंकमार्फत भूक्तानी -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था भएतपनि पालिकाले यो आर्थिक वर्षसम्म पनि नगदै भत्ता रकम वितरण गरेको पाइयो। यसले कार्यविधिको पालना गरेको पाइएन।	
४७.६.	**एम.आई.एस. मा प्रविष्टि -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्नेछ भन्ने व्यवस्था छ। कार्यालयले एम.आई.एस. अभिलेख राखेको देखिएन ।	
४७.७.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फत कारोवार नै गरेको पाइएन।	
४७.८.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।	
४७.९.	**सामाजिक सुरक्षा दोहोरो भुक्तानी -** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरेको देखिन्छ। नमुना परिक्षण गर्दा यस गाँउपालिकाका तपसिलका वडाहरुमा एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो भुक्तानी भएकोले बढी भुक्तानी भएको असुल गनुपर्ने रु.	

वडा नं	नाम	किसिम	नागरिता नं	किष्ता	रकम
४	कर्ण वहादुर थापा	ज्येष्ठ नागरिक।अन्य	५२०।९५	प्रथम चौमासिक	१२०००
४	कुल वहादुर खड्का	ज्येष्ठ नागरिक।अन्य	९१।२२९	प्रथम।दोश् चौमासिक	२४०००
४	खड्ग कुमारी खत्री	ज्येष्ठ नागरिक।अन्य	१८७९	प्रथम चौमासिक	१२०००
४	दीर्घ लक्ष्मी भट्टराई	ज्येष्ठ नागरिक।अन्य।विधवा	२३११।७७०४८२२	प्रथम।दोश्र चौमासिक	२००००
४	नर वहादुर प्रधान	ज्येष्ठ नागरिक।अन्य	९९९।२०१	प्रथम चौमासिक	१२०००
४	पवित्रा कुमारी श्रेष्ठ	ज्येष्ठ नागरिक।अन्य	१३७।१२९	प्रथम चौमासिक	१२०००
४	मनमाया पाण्डे	ज्येष्ठ नागरिक।अन्य	१८३५।२६७९	प्रथम चौमासिक	१२०००
४	राम वहादुर पाण्डे	ज्येष्ठ नागरिक।अन्य	११७०।५०९	प्रथम।दोश्रा चौमासिक	२४०००
४	रुद्र वहादुर श्रेष्ठ	ज्येष्ठ नागरिक।अन्य	१७२-७६२०।७६७९	प्रथम।दोश्रा चौमासिक	२४०००
४	धनमाया श्रेष्ठ	ज्येष्ठ नागरिक।अन्य।विधवा	०९।-०१-७४-०२८०२	प्रथम।दोश्रा चौमासिक	२००००
				जम्मा	१७२०००
				असुली भएको	१०४०००
				बाँकी	६८०००

६८०००

४७.१०. **छानविन -** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ। साथै सोही कार्यविधिको को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ ।तर पालिकाले देहाय अनुसारको वडाहरुमा निम्नानुसारको संख्यामा लाभग्राहीहरुको नागरिकता नम्बर उल्लेख नगरी प्रविष्टि गरी सबै किस्ताको भत्ता वितरण गरेको हुदा भरपाईमा नाम एउटै भए पनि नाम दोहोरो परेको हो होईन र निज वास्तविक लाभग्राही हो होईन भनी भन्न सक्ने अवस्था रहेन।तसर्थ उक्त लाभग्राहीहरु वास्तविक लाभग्राही हो होईन छानविन गरी लाभग्राही भएमा प्रमाण पेश हुनुपर्ने रु. ३७८१८००

वडा नं	वर्ग	दर	संख्या	रकम

		४	जेष्ठ नागरिक ।अन्य	१२०००	१९	६८४०००		
		४	जेष्ठ नागरिक।दलित	८०००	२	४८०००		
		४	विधवा	१२०००	५	१८००००		
		४	क वर्ग	१२०००	६	२१६०००		
		१	जेष्ठ नागरिक ।अन्य	१२०००	१	३६०००		
		१	विधवा	८०००	४	९६०००		
		१	विधवा	१२०००	१	३६०००		
		१	क वर्ग	१२०००	३	१०८०००		
		१	ख वर्ग	६४००	२	३८४००		
		११	जेष्ठ नागरिक ।अन्य	१२०००	३	१०८०००		
		११	जेष्ठ नागरिक ।दलित	८०००	१	२४०००		
		११	विधवा	८०००	३	७२०००		
		११	क वर्ग	१२०००	१	३६०००		
		११	ख वर्ग	६४००	३	५७६००		
		३	विधवा	८०००	२	४८०००		
		३	क वर्ग	१२०००	१	३६०००		
		३	ख वर्ग	६४००	२	३८४००		
		२	जेष्ठ नागरिक ।अन्य	१२०००	४	१४४०००		
		२	विधवा	८०००	७	१६८०००		
		२	ख वर्ग	१२०००	१	३०००		
		५	जेष्ठ नागरिक ।अन्य	१२०००	५	१८००००		
		५	जेष्ठ नागरिक।दलित	८०००	२	६०००		
		५	विधवा	८०००	७	१६८०००		
		५	क वर्ग	१२०००	३	१०८०००		
		५	ख वर्ग	६४००	१	१९२००		
		१०	जेष्ठ नागरिक।अन्य	१२०००	१	३६०००		
		१०	जेष्ठ नागरिक।दलित	८०००	१	२४०००		
		१०	विधवा	८०००	२	४८०००		
		१०	क वर्ग	१२०००	२	७२०००		
		१२	जेष्ठ नागरिक।अन्य	१२०००	२	७२०००		
		१२	विधवा	८०००	२	४८०००		

१२	क वर्ग	१२०००	३	१०८०००
१२	ख वर्ग	६४००	३	५७६००
६	जेष्ठ नागरिक।अन्य	१२०००	२	७२०००
७	जेष्ठ नागरिक।दलित	८०००	१	२४०००
७	विधवा	८०००	१	२४०००
७	क वर्ग	१२०००	२	७२०००
७	ख वर्ग	६४००	२	३८४००
८	जेष्ठ नागरिक।अन्य	१२०००	१	३६०००
८	जेष्ठ नागरिक।दलित	८०००	१	२४०००
८	क वर्ग	१२०००	२	७२०००
८	ख वर्ग	६४००	१	१९२००
९	जेष्ठ नागरिक।अन्य	१२०००	१	७२०००
९	विधवा	८०००	४	९६०००
९	क वर्ग	१२०००	३	१०८०००
	जम्मा		१२६	३७८१८००

४८. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम -** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.४०००००० बजेट प्राप्त भएकोमा रु.४०००००० खर्च भई १००प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
भवन निर्माण सडक निर्माण	४	४००००००	४००००००	१००	१००

यस सम्बन्धमा निम्नानुसार देखिएका छन्

४९. **अग्रिम कर — ४।२०७७।२।२ आयकर** ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले च्यानडाँडा गोपे ओखे सडक स्तर उन्नतीको काम उपभोक्तावाट गरी रु.९७०००० भुक्तानी गरेको छ।तर च्यानडाँडा गोपे ओखे सडक स्तर उन्नतीको कामको १५ प्रतिशत कर कट्टा नगरेकोले निम्न अनुसारका व्यक्तिवाट १२० पिल ढुङ्गा रु.५०४००० खरीदको कर रु.७५६०० कर कट्टा गर्नु पर्नेमा रु. ८०४८ मात्र कट्टा गरेकोले नपुग रु. ६७५५२ असुल गर्नु पर्ने रु. ६७५५२

सि.नं.	सप्लाई गर्नेको नाम	परीमाण	रकम	१५ प्रतिशत कर	काटेको रकम	छुट रकम
१	सुजन फुयाल	४० पिल	१८००००	२७०००		
२	लक्ष्मिप्रसाद घिमिरे	४० पिल	१८००००	२७०००		
३	दाताराम घिमिरे	३२ पिल	१४४०००	२१६००		
	जम्मा	११२	५०४०००	७५६००	८०४८	६७५५२

५०. **कन्टिन्जेन्सी खर्च —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ।मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजीगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कन्टीन्जेन्सी खर्चको लगत राखी नगरी नहुने खर्चमा मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ।

५१. **कोरोना कोष तर्फ** – कोभीड १९ को व्यवस्थापन गर्न रु. ४९८६७३५ आम्दानी गरेकोमा विभिन्न कार्यमा रु.४८५२०४७ खर्च भई रु.१३४६८८ मौज्दात रहेको पाइयो।कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को पालना गरी खर्च गर्ने तर्फ पालिका सम्बद्ध सबै पक्षको ध्यान जानु आवश्यक देखियो।

५२. **अधुरा आयोजना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.६४०११८९ का ४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ।यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ।यसरी कानून विपरीत सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी/उ.स.	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो बर्ष सम्मको खर्च	भौतिक प्रगति
१	स्वास्थ्य चौकी भवन निर्माण वडानं. ६	एच. पी. कन्स्ट्रक्सन, भोजपुर	२०७७/१/२८	२०७७/३/२५	१८६६१९७	५१.५७२
२	स्वास्थ्य चौकी भवन निर्माण वडानं. १	पृथ्वी निर्माण सेवा, भोजपुर	२०७७/२/६	२०७७/३/२५		
३.	पशु हाट भवन निर्माण	पृथ्वी निर्माण सेवा, भोजपुर	२०७६/८/३०	२०७७/३/२१	२७७०४५१	६३
४.	स्वास्थ्य चौकी भवन निर्माण वडानं. ८	एच. पी. कन्स्ट्रक्सन, भोजपुर	२०७७/३/४	२०७७/३/२५	१७६४२४१	५५.४२८६

		जम्मा				६४०११८९		

५३.	**बेरुजू संपरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४)२) (घ (र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ ।नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु.४३०१७०२ पेश गरेकोमा रु.४३०१७०२ सम्परीक्षण गरी जानकारी दिईएको छ ।	

आ.व.	दफा नं.	विवरण	संपरीक्षण रु.
२०७५।७६	७.१	दाखिला प्रमाण पेश	१४२८००
२०७५।७६	७	पेश्की फछ्र्यौट प्रमाण पेश	८४०९७२
२०७५।७६	२९	प्रमाण पेश	२५०००००
२०७५।७६	२०	दाखिला प्रमाण पेश	५९२६८५
२०७५।७६	३७	असुल भई पेश्की फछ्र्यौट	५९८५
२०७५।७६	३४	असुली दाखिला प्रमाण पेश	२१९२६०
		जम्मा	४३०१७०२

५४.	**अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर विजक, सवारी साधन खरिद र ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।	
५५.	**सञ्चित कोष र बेरुजुको अद्यावधिक स्थिति** - पालिकाको सञ्चित कोषको स्थिति, बेरुजु वर्गीकरण र बेरुजुको अद्यावधिक स्थिति क्रमश अनुसुची १, २ र ३ मा रहेको छ ।	

भोजपुर नगरपालिका, भोजपुर को सञ्चित कोष विवरण

अनुसुची १

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
भोजपुर न पा	भोजपुर	१३६१४८२	१३७०४	१.०१	३३९१६	४४१३१५	९५००९	१७९९३	१४६६८१	७००९९८	३०६६३१	२०१९७३	१५१८८०	६६०४८४	७४४३०

बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
भोजपुर न पा	भोजपुर	४५	२१	१३७०४	०	०	०	४५	२१	१३७०४	८८६	८११६	४७०२	०	०	१२८१८	०	०	०

अद्यावधिक बेरुजु स्थिति

अनुसुची ३

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको अनुसूचीवाट	समायोजन	गत बर्ष सम्मको वाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
भोजपुर	भोजपुर	१५१०२	-६८३	१४४१९	४३०१	४३०१	०	०	१०११८	१३७०४	२३८२२	२८